अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः २०, गोरखा, पुष २९ गते २०८२ साल

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

## आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२

# अजिरकोट गाउँपालिका

## आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२

### अजिरकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### भच्चेक, गोरखा

### गण्डकी प्रदेश, नेपाल

### २०८२

| |
|---|
| कार्यपालिकाबाट स्वीकृत मितिः-२०८२/०९/२४ |

# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना** : यस अजिरकोट गाउँपालिकबाट हुने विभिन्न आर्थिक सहायतालाई व्यवस्थित, पारदर्शी र सरल बनाउन कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकाले अजिरकोट गाउँपालिकाको मिति २०८२/०९/२४ को गाउँकार्यापालिकाको बैठकले अजिरकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :-** विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले अजिरकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले गरिब वा बिपन्न रहेको भनि सिफारिस वा प्रमाणित भएका व्यक्ति संझनुपर्दछ। साथै यो शब्दले गैरनाफामूलक रुपमा स्थापना भएका विभिन्न संघसँस्था, राजनीतिक दल, क्लब, समूह, जनप्रतिनिधि, कर्मचारीहरु समेतलाइ जनाउछ।

(घ) "अध्यक्ष " भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

**३. दिर्घ रोगीलाई सहायता :-**

(१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क आदि) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन। स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ।

(२)उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि गाउँकार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी कार्यपालिकाको निर्णय बमोजिम बढीमा रु १० हजार रुपैया आर्थिक सहायता दिन सकिनेछ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः-** (१) यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न गाउँ कार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं. पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :-** (१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित वा यस्तै प्रकारका समस्यामा परेका बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षादिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ। साथै संरक्षणको आवश्यक पर्ने बालबालिकाहरुलाइ बालसंरक्षण गर्ने संघसँस्थाहरुमा राख्न सकिने छ। त्यसरी राख्दा लाग्ने खर्च गाउपालिकाले बेहोर्न सक्नेछ ।

**६. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :-** ७० वर्ष उमेर पुगेका, परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा अध्यक्षको तोकादेश वा कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**७. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायता :-** (१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको स्वास्थ्य उपचार गर्नका लागि एकपटक अधिकतम रु **१०,०००** सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, गाउपालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र, स्वास्थ्य सस्थामा उपचार गराइरहेको भन्ने प्रमाण खुल्ने कागजात सहित गाउँ कार्यपालिकामा निवेदन पेश गर्न सकिनेछ ।

**८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः** (१) आर्थिक रुपमा विपन्न परिवारको सदस्यको मृत्यु भएमा काजकिरिया गर्न, पोष्टमार्टम गर्न, बेबारिसे लास फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा कार्यलयले मनासिव ठहराएमा एकमुष्ट रुपमा रु १०,००० (अक्षर रुपी दश हजार) सम्म आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहायता पाउन सम्बन्धित वडा कार्यालयबाट विपन्न परिवारको सिफारिस गराई पेश गर्नुपर्नेछ।

**९. पदाधिकारी तथा कर्मचारीलाई सहायताः** (१) गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य र प्रमुख प्रशासकीय अधिकृत तथा गाउँकार्यपालिकाको कार्यालय,

वडा कार्यालय, स्वास्थ्य सँस्था लगायत गाउँपालिका अन्तर्गतका सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु मुटु, मृगौला, फोक्सो, कलेजो, मस्तिष्क, मेरुदण्ड जस्ता महत्वपूर्ण अंगहरुमा रोग लागि वा क्यान्सर, एच आइ भि एड्स वा दुर्घटनामा परी निजि पहलमा उपचार गर्न असमर्थ भएमा गाउँकार्यपालिकाले त्यस्तो जनप्रतिनिधि वा कर्मचारीलाई गाउँकार्यपालिकाले निर्णय गरी आर्थिक सहयोग गर्न सक्नेछ ।

(२) दफा ९ (१) बमोजिमको सहायता प्राप्त गर्नको लागि सम्बन्धित व्यक्ति वा निजको परिवारको सदस्यले निजलाई लागेको रोगको पुष्टि हुने आवश्यक कागजात सहित गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ । यसरी प्राप्त निवेदनमा गाउँकार्यपालिकाले निर्णय गरी आर्थिक सहयोग गर्न सक्नेछ। यस्तो सहयोगको रकम अधिकतम दुई लाख भन्दा बढी हुने छैन ।

**१०. संघसँस्था, राजनीतिक दल, गैरनाफामूलक निकायलाइ सहायता**

१. विभिन्न संघसँस्था, राजनीतिक दल, भगिनी संगठन, विभिन्न क्लव, समूह वा कुनै विशेष कार्यको लागि संगठित भएका समूहहरुलाइ कार्यपालिकाको निर्णय वा अध्यक्षको तोकादेश बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ । त्यस्तो सहायता प्राप्त गर्ने निकायले नियमित कार्यको लागि नभइ कुनै विशेष कार्यकम, सभा, सम्मेलन वा यस्तै प्रकृतिका कार्यको लागि मात्र सहायता प्राप्त गर्न सक्नेछन् ।

**११. सामाजिक अभियान्ता, पालिका, जिल्ला वा देशको गौरव बढाउनेलाइ सहायता**

१. कुनै विशेष सामाजिक अभियान चलाइरहेका व्यक्ति वा सँस्था, गाउँपालिका, जिल्लाको गौरब बढाउन योगदान गरेका खेलाडी, कलाकार, समाजसेवी वा यस्तै प्रकृतिका व्यक्ति वा सँस्थालाइ कार्यपालिकाले निर्णय गरी वा गाउँपालिकाको अध्यक्षको तोकादेशमा आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

**१२.** गाउँपालिकाभित्रका वा अन्य ठाउँमा स्थायी बसोबास भएका भएपनि लामो समय देखि(५ वर्ष) अजिरकोट गाउँपालिकामै रहेर आफ्नो व्यापार व्यवसाय वा अन्य कुनै उद्यम गरि बसेका व्यक्ती तथा तिनका परिवारको सदस्यहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागीताका लागि सहयोग गर्नलाई आर्थिक सहायता उपलब्ध गराउनु परेमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**१३.** कुनै पनि शैक्षिक संस्था वा विश्वविद्यालयमा अध्यनरत अजिरकोट गाउँपालिकाका विद्याथीहरुले अजिरकोट गाउँपालिका भित्रका आर्थिक, सामाजिक, भैगोलिक, प्राकृतिक, सुशासन र पुर्वाधार वा अन्य कुनै क्षेत्रको अध्ययन अनुसन्धानमा सहयोग गर्न कार्यपालिकाले निर्णय गरी आर्थिक सहायता प्रदान गर्न सक्नेछ। अजिरकोट गाउँपालिकाको पर्यटकीय, भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक वा अन्य यस्तै क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने गाउँपालिका बाहिर स्थायी ठेगाना भएका विद्यार्थी वा अनुसन्धानकर्तालाई समेत कार्यपालिकाले निर्णय गरी आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ। तर त्यस्तो सहायता प्राप्त गर्न सम्बन्धित व्यक्ति वा संस्थाले कार्यलयमा अध्ययन अनुसन्धान प्रपोजल वा रिपोर्ट पेश गर्नुपर्नेछ।

**१४.** गाउँपालिकाभित्र हुने प्राकृतिक, दैविक तथा मानव सिर्जित विपद्बाट प्रभावित व्यक्ति, परिवार र संघ तथा संस्थालाई तत्काल राहत उपलब्ध गराउन गाउँपालिकाको अध्यक्षको तोकादेशबाट वा कार्यपालिकाको निर्णयबाट सहायता दिन सक्नेछ। यस दफा बमोजिमको सहायता प्राप्त गर्नको लागि गाउँपालिकाको प्राविधिकबाट क्षति भएको संरचनाको नाँपजाँच गरी क्षतिग्रस्त भएको भए सो उल्लेख हुने प्रतिवेदन पनि पेश गरिनु पर्नेछ।

**१५**. यस कार्यविधिमा उल्लेखित अवस्था बाहेकका व्यक्ति, सँस्था, समूह आदिलाइ आर्थिक सहायता उपलब्ध गराउनु परेमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

## परिच्छेद- ३

## विविध

**१६. निवेदन दिनुपर्ने** :- गाउँपालिका अध्यक्षलाई सम्बोधन गरी विषयको व्यहोरा खुलाएर लेखिएको हुनुपर्ने।

**१७. अधिकार प्रत्यायोजन गर्न सकिने** :- यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि कुनै तह वा रकम सम्मको निर्णयको अधिकार गाउँ कार्यपालिकाले अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ । यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि **रु १५,०००** (अक्षररुपी पन्ध्र हजार मात्र) सम्मको आर्थिक सहायता रकम अध्यक्षको तोक आदेशको आधारमा कार्यालयले उपलब्ध गराउने छ ।

**१८. आर्थिक सहायता तथा उपचार सहयोग कोष** :- यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्धार तथा पुर्नस्थापना गर्ने प्रयोजनको लागि एक कोषको स्थापना गर्न सकिने छ । कोष स्थापना नहुँदा सम्म सम्बन्धित शिर्षकहरुमा विनियोजन भएको रकम बाट खर्च लेख्न सकिने छ ।

**१९.संशोधन तथा परिमार्जन** : (१) यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

**२०.** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार हुनेछ । यो कार्यविधि लागु हुनु भन्दा अघि अजिरकोट गाउँकार्यपालिकाको कार्यालयबाट विभिन्न शिर्षकमा भुक्तानी गरिएका आर्थिक सहायता सम्बन्धी निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ। साथै नेपाल सरकार र अन्य निकायबाट प्राप्त हुने सहायताको सम्बन्धमा यो कार्यविधिले कुनै वाधा पुर्याउने छैन ।

**प्रमाणिकरण मितिः- २०८२|०९|२८**

**आज्ञाले**

**ज्ञानुराम पन्थी**

**प्रमुख प्रशासकीय अधिकृत**